आज मिति २०७८ साल पौष १२ गतेका दिन यस रत्ननगर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री नारायण वनज्यूको अध्यक्षतामा एवं तपशिल बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरीयो ।

उपस्थिति :

| क.सं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नारायण वन | |
| २ | नगर उपप्रमुख | श्री बिमला देवी दुवाडी | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री शंकर सिं तमाङ्ग | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री तिलक राज पौडेल | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री गुप्तनाथ भट्टराई | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | श्री रबिन्द्र चौधरी | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री कृष्ण महतो | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | श्री बलराम दाहाल | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | श्री लाल बहादुर भट्ट | |
| १० | वडा अध्यक्ष वडा नं. ८ | श्री बिनोद बस्नेत | |
| ११ | वडा अध्यक्ष वडा नं. ९ | श्री रोशन आचार्य | |
| १२ | वडा अध्यक्ष वडा नं. १० | श्री केशब आचार्य | |
| १३ | वडा अध्यक्ष वडा नं. ११ | श्री शशी भक्त न्यौपाने | |
| १४ | वडा अध्यक्ष वडा नं. १२ | श्री बीर बहादुर पाखिन | |
| १५ | वडा अध्यक्ष वडा नं. १३ | श्री चित्र बहादुर भण्डारी | |
| १६ | वडा अध्यक्ष वडा नं. १४ | श्री हरी कुमार श्रेष्ठ | |
| १७ | वडा अध्यक्ष वडा नं. १५ | श्री हुमनाथ लामिछाने | |
| १८ | वडा अध्यक्ष वडा नं. १६ | श्री हेमराज थापा | |
| १९ | कार्यपालिका सदस्य | श्री राजेन्द्र परीयार हमाल | |
| २० | कार्यपालिका सदस्य | श्री मिना गिरी | |
| २१ | कार्यपालिका सदस्य | श्री भोला देवी गौडेल | |
| २२ | कार्यपालिका सदस्य | श्री सरस्वति लामा | |
| २३ | कार्यपालिका सदस्य | श्री निर्मला कुमारी खड्का | |
| २४ | कार्यपालिका सदस्य | श्री रिता बि.क. | |
| २५ | कार्यपालिका सदस्य | श्री कृष्ण हरी परीयार | |
| २६ | कार्यपालिका सदस्य | श्री मन कुमारी बि.क. | |
| २७ | सचिव प्र.प्र.अ. | श्री शिशिर पौडेल | |

**अन्य उपस्थिती :**

लेखा अधिकृत श्री कृष्ण प्रसाद सुवेदी

अधिकृत छैठौं श्री अर्जुन पगेनी

,, श्री स्वस्तिका अर्याल

,, श्री उर्मिला तमाङ्ग दाहाल

श्री शिशिर पौडेल

**निर्णय नं. १:**

यस नगरपालिकाको दशौं नगरसभा बैठक मिति २०७८ पौष २९ गते दिनको ११:०० बजे १६ नं. वडा कार्यालयको सभा हलमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

आ.व. २०७८।०७९ को प्रथम चौमाशिक अवधिको सार्वजनिक सुनुवाई कार्यक्रम संचालनको लागि सुसुचित मिडिया रत्ननगरसंग रु. ८५,०००।- (पचासी हजार मात्र) मा संचालन गर्न सम्झौता गर्ने र मिति २०७८ पौष २२ गते विहान ११:०० बजे रत्ननगर नगरपालिका कार्यालय प्राङ्गणमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:**

राष्ट्रिय योजना आयोगबाट प्रकाशीत सूचना अनुसार समपुरक र विशेष अनुदान तर्फ निम्नानूसारका योजना तथा कार्यक्रम छनौट गरी माग गर्ने निर्णय गरियो ।

**समपुरक योजना**

१. चित्रसारी दोभान तटवन्धन

२. नमुना पार्क वडा नं. १६ र वडा नं. ५

**विशेष अनुदान योजना**

१. जनजागृति माध्यमिक विद्यालय भवन निर्माण वडा नं. १४

२. शहीद स्मृति बहुमुखी क्याम्पस बिज्ञान प्रयोगशाला भवन र कम्पाउण्ड निर्माण वडा नं. ३

३. ल्याण्डफिल साईट निर्माण तथा व्यवस्थापन, रत्ननगर ११

**निर्णय नं. ४:**

पूर्वाधार विकास समितिबाट सिफारीस भए वमोजिम निम्न योजनाको लागत इष्टिमेट गराई अर्को बैठकमा पेश गर्ने निर्णय गरीयो ।

**तपसिल:**

१. शान्तिचोक कालिका मार्गको चाउचाउ फ्याक्ट्री जाने चोक सम्म सडक मर्मत

२. रत्ननगर वडा नं. १५ र १६ बीचको कुलोमा कल्भर्ट निर्माण ।

३. रत्ननगर नगरपालिका वडा नं. १० र २ जोड्ने (वडा नं. १० को कार्यालय पछाडी) अनामनगर जोड्ने) बाटोमा स्टील ब्रीज निर्माण ।

४. रत्ननगर ७ को पडरिया बीच गाउँ कुलो लाईनिङ्ग निर्माण ।

५. रत्ननगर नगरपालिका वडा नं. १३ र १४ को सिमानाको कामाख्या मन्दिरचोक परिसर मोज्याक टायल र ग्रावेल गर्ने योजना ।

६. रत्ननगर नगरपालिका बकुलहर चोकबाट वडा कार्यालय जाने बाटो मर्मत ।

७. निम्न सडकहरु सौन्दर्यीकरण गर्ने कार्य-

- **क.** भानुचोक-सालघारी
- **ख.** हात्तीचोकबाट ब्रिडिङ्ग सेन्टर
- **ग.** मैनाहा-सिसुवार सडक
- **घ.** बकुलहर-जयमंगला सडक ।

**निर्णय नं. ५:**

यस नगरपालिका तपसिलका कार्यविधीहरु स्वीकृत गर्ने निर्णय गरियो ।

१. रत्ननगर नगरपालिकाको सामुदायिक विद्यालयको कक्षा ७ सम्मको पाठ्य सामाग्री लेखन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ ।

२. स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७८ ।

३. संचित कोषको आन्तरिकलेखा परीक्षण सम्बन्धी कार्यविधि २०७८ ।

४. रत्ननगर नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन कार्यविधि २०७८ ।

**निर्णय नं. ६:**

रत्ननगर नगरपालिका स्थित सामुदयिक विद्यालयका प्रधानाध्यापकको प्रस्तुती र आमन्त्रित विषय विज्ञ सहित अन्तरक्रिया कार्यक्रम मिति २०७८ पौष २१ गते विहान ११:०० बजे रत्ननगर नगरपालिकाको सभा हलमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७:

यस नगरपालिकामा संचालन भई रहेका अधुरा योजनाहरु मध्ये उपभोक्ता समितिबाट संचालित सवै र ठेक्का तर्फका तपसिलका योजना मध्ये सडक कालोपत्रे निर्माण योजनाको २०७८ चैत्र मसान्तसम्म र भवन निर्माण लगायत अन्य योजनाको २०७८ माघ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | योजनाको प्रकार<br>भवन तथा अन्य | ठेगाना | क्र.सं. | योजनाको प्रकार<br>सडक | ठेगाना |
|---|---|---|---|---|---|
| १ | बकुलहर अस्पताल भवन निर्माण | रत्ननगर- २ | १ | वडा नं. ६ का विभिन्न सडक कालोपत्रे | रत्ननगर- ६ |
| २ | सडक दायाँ/बायाँ फुटपाथ निर्माण | रत्ननगर- २/४ | २ | विभिन्न सडक कालोपत्रे | रत्ननगर- ३ |
| ३ | वडा नं. १२ को वडा कार्यालय भवन निर्माण | रत्ननगर- १२ | ३ | सडक कालोपत्रे निर्माण | रत्ननगर- ६ |
| ४ | वडा कार्यालय भवन | रत्ननगर- ८ | ४ | सडक कालोपत्रे निर्माण | रत्ननगर- ८ |
| ५ | विभिन्न स्थानमा वन्यजन्तु मुर्ति सहित सवारी संकेत | रत्ननगर | ५ | डुम्रीचोक देखि उत्तर आदर्श चोकसम्मको सडक कालोपत्रे | रत्ननगर- १३ |
| ६ | वडा नं. १३ वडा कार्यालय भवन निर्माण | रत्ननगर- १३ | ६ | भद्रकाली हात्तिगाडे सडक कालोपत्रे निर्माण | रत्ननगर- १६ |
| ७ | वडा नं. ९ वडा कार्यालय भवन निर्माण | रत्ननगर- ९ | ७ | भिमबहादुर चोक देखि उत्तर तर्फ सडक कालोपत्रे | रत्ननगर- १५ |
| ८ | नेपाल मा.वि. नमुना विद्यालय | रत्ननगर- २ | ८ | स्वावलम्बन सडक कालोपत्रे | रत्ननगर- १० |
| ९ | नेपाल मा.वि. | रत्ननगर- २ | | | |
| १० | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | रत्ननगर | | | |
| ११ | सहकारी बजार विकास कार्यक्रम | रत्ननगर- २ | | | |
| | **आ.व. ०७८/०७९** | | | | |
| १२ | कार्यालय परिसर पूर्वाधार निर्माण | रत्ननगर | | | |
| १३ | नगरसभा हल निर्माण | रत्ननगर | | | |

निर्णय नं. ८:

रत्ननगर महोत्सव २०७८ मा स्थानीय उत्पादन प्रदर्शन/वेचविखन गर्नको लागि आवश्यक स्टलको लागि व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ९:

नगरपालिकाबाट ह्यूमपाईप, जस्तापाता र फोहोरमैला व्यवस्थापनका लागि सेफ्टी जुत्ता, पञ्जा खरिदका लागि आवश्यक रकम नगरपालिका विशेष कोषबाट व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. १०:

रत्ननगर नगरपालिका वडा नं. १२ स्थित समायोजित बागदेवी स्कूलको भवन रंगरोगन गरी ईन्जिनियरिङ्ग कलेज कक्षा स्थापनाका लागि पोखरा विश्वविद्यालयलाई उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११:

रत्ननगर नगरपालिका क्षेत्रमा जडान भएका सोलार वत्तीहरु सौर्य उर्जा कार्यक्रमबाट मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:**

तपसिल वमोजिम योजनाहरुमा विनियोजित रकम नपुग भएकोले अन्य/विविध सार्वजनिक निर्माण शिर्षकबाट रकम थप गर्ने निर्णय गरियो ।

तपसिल:

| योजनाको नाम | विनियोजित रकम | थप गर्नु पर्ने रकम |
|---|---|---|
| नगरपालिका परिसर सुधार कार्यक्रम | ३०,००,०००।- | ९,००,०००।- |
| नयाँ भवनमा सभा हल निर्माण | १०,००,०००।- | २२,००,०००।- |
| १३ नं. वडा कार्यालय भवन फिनिसिङ्ग कार्य | - | ५,५०,०००।- |
| ईको पार्कको फिनिसिङ्ग कार्य | - | २९,००,०००।- |
| सौराहा ड्याकमा ढुंगामा मूर्ती कुद्ने कार्य | - | ७,००,०००।- |

**निर्णय नं. १३:**

रत्ननगर नगरपालिका वडा नं. १६ गुराँस चोकमा गुराँस स्तम्भ निर्माणको लागि रु. ५०,०००।- (पचास मात्र) विविध सार्वजनिक निर्माण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४:**

रत्ननगर नगरपालिका वडा नं. ९ मा निर्माणाधिन वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न नगरी निर्माण व्यवसायीले सवै काम सम्पन्न नगरी छोडेकोले खरिद सम्झौता अन्त्य गरी निजको सम्पादित कामको मुल्यांकन गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १५:**

रत्ननगर नगरपालिका वडा नं. १० केशव आचार्यको घरबाट पश्चिम जाने बाटो कालोपत्रे योजनाको निर्माण व्यवसायीले काम नसकी छोडेकोले निजको ठेक्का रद्ध गरी पुन: बोलपत्र प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६:**

तपसिल वमोजिमका योजना तथा कार्यक्रमहरु आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी शिर्षकान्तर गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. साङ्गे छोईलिङ्ग गुम्वा भवन निर्माणबाट गुम्वा सौन्दर्यीकरण रु. ४,००,०००।-(चार लाख मात्र)

२. रत्ननगर १३ दाजु बहिनी कृषि सहकारी अर्गानिक मल निर्माणमा सहयोगबाट अध्ययन अवलोकन भ्रमण रु. १,५०,०००।- (एक लाख पचास हजार मात्र)

३. रत्ननगर नगरपालिका वडा नं ९ को जसपाल टोल अधुरो सडक पीचको रकम रु. ४,००,०००।- (चार लाख मात्र) बाट पौडेल चोकबाट जसपाल टोल जाने सडक पीचको लागि (स्थान परिवर्तन) ।

४. वडा नं १५ को बृक्षारोपण शिर्षकबाट आधारभूत स्वास्थ्य केन्द्रको कम्पाउण्ड गर्न रु. १५०,०००।- (एक लाख पचास हजार मात्र)

**निर्णय नं. १७:**

रत्ननगर ९ स्थित ईको कल्चरल पार्कको नीति निर्माण तथा व्यवस्थापन र रत्ननगर वाटर किङडम शिलान्यास कार्यक्रमका लागि तपसिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

| | |
|---|---|
| संयोजक | श्री बलराम दाहाल, |
| सदस्य | श्री लाल बहादुर भट्ट |
| सदस्य | श्री विनोद बस्नेत |
| सदस्य | श्री रोशन आचार्य |
| सदस्य | श्री कृष्ण महतो |
| सदस्य | प्रतिनिधी टिकौली मध्यवर्ति सामुदायिक वन उपभोक्ता समिति |
| सदस्य सचिव | श्री विश्वास श्रेष्ठ |

**निर्णय नं. १८:**
जिल्ला समन्वय समिति चितवनको मौज्धात कोषबाट साझेदारीमा संचालन हुने निम्न योजनामा नगरपालिकाको तर्फबाट जिविस तर्फबाट संचालित विभिन्न म्याचिङ्ग तर्फका योजना शिर्षकको लागत साझेदारी गर्ने निर्णय गरियो ।
१. सौराहामा सार्वजनिक शौचालय निर्माण वडा नं. ६ ।
२. रत्ननगर नगरपालिका वडा नं. ८ को वडा कार्यालय निर्माण ।

**निर्णय नं. १९:**
जस्तापाताको बजारको मुल्य अनुसार नगर दररेट परिवर्तन गरी निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०:**
पूर्वाधार विकास समितिबाट सिफारीस भए वमोजिम बोलपत्र आव्हान गर्दा न्यून कवोल भई वचत हुन रकमबाट सोही स्थानको अधुरा कार्यको लागि पुनः बोलपत्र आव्हान गरी खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २१:**
रत्ननगर नगरपालिका वडा नं. ७ को सिसुवार चित्रसारी कज-वेको दुवैतर्फबाट बाटो विग्रेर आवागमनमा कठिनाई भएकोले कज-वे माथिबाट तटवन्धन भइरहेको स्थानबाट १५० घ.मी. ग्रावेल उत्खनन गरी मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२:**
रत्ननगर नगरपालिका वडा नं. ६ स्थित राप्ती नदीको बाढीबाट प्रभावित भई राप्ती र ढुंग्रे दोभानदेखि चितवन हात्तिसारसम्म करिव १ कि.मी. ड्याक निर्माणको लागि अर्थ मन्त्रालय मार्फत उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयलाई आवश्यक वजेट विनियोजनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३:**
रत्ननगर नगरपालिका वडा नं. १५ स्थित शिवालय टोलमा आधारभूत अस्पताल निर्माणका लागि जग्गा प्राप्त भएकोले सो स्थानमा आधारभूत अस्पताल निर्माण गर्न आवश्यक प्रकृयाको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।